नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु**

पत्र संख्या : ०७९/०८०
च.नं. :

## कृषि यन्त्र/उपकरणहरुको शिलबन्दी दरभाउ आव्हानको सुचना

सूचना नं.-०९/२०७९/०८०

<u>प्रथम पटक प्रकाशित मितिः २०७९/११/१५</u>

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक समूह/कृषि सहकारी/ निजि उधमी आदीलाई अनुदानमा कृषि यन्त्र/उपकरणहरु वितरण गर्न दरभाउ कायम गर्नुपर्ने भएकोले सम्बन्धित सबै कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदीलाई परियोजनाले माग गरेको सामाग्रीहरुको दरभाउ निर्दिष्ट गरेको फर्मेट अनुसार शिलबन्दी गरि आजको मितिले १० दिन भित्र अर्थात २०७९/११/२४ गते भित्र परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुमा पेश गर्नुहुन अनुरोध छ ।

<u>शिलबन्दी दरभाउ उपलब्ध गराउदा संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. आ.व. २०७९/०८० मा सुचिकृत नभएका कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदीले उल्लेखित आवश्यक कागजात सहित परियोजना कार्यान्वयन एकाइ, क.व. मा सुचिकृत भए पश्चात मात्र शिलबन्दी दरभाउ पेश गर्न सक्नेछन ।

२. रु. १०/- को टिकट सहित दरभाउ पेश गरेको निवेदन र स्पेशिफिकेशन सहितको निर्दिष्ट गरेको फर्मेट अनुसार उल्लेखित आवश्यक कागजात सहित शिलबन्दी दरभाउ ।

३. प्रोपराईटरको नागरिकताको प्रतिलिपी ।

४. दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

५. पाना नं. को प्रतिलिपी ।

६. आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

७. शिलबन्दी दरभाउ पत्र बमोजिम पेश गरेको कृषि यन्त्र/उपकरणहरु उपलब्ध गराउने प्रतिबद्धता पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

<u>नोटः</u>

- सम्बन्धित सामाग्रीहरुको परियोजनाले माँग गरेको स्पेसिफिकेशन अनुसार सामाग्री को दरभाउ पेश गर्नु पर्नेछ, स्पेसिफिकेशन बिनै आफ्नै किसिमले शिलबन्दी दरभाउ पेश गरेमा त्यसलाई दरभाउ प्रकृयामा समावेश गरिने छैन ।
- कुनै कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदीको शिलबन्दी दरभाउ खोल्दा रकम तथा सामाग्री को नाम आदीमा केरमेट वा टिपेक्स लगाईएको पाईएमा समावेश गरिने छैन ।
- शिलबन्दी दरभाउ पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सार्वजनिक विदाको अर्को दिन कार्यालय समय भित्र शिलबन्दी दरभाउ पेश गर्न सकिनेछ ।

Chaudhary
सहसराम चौधरी (कृषी)
वरिष्ठ कृषि अधिकृत